फोन नम्वर:-०६९५२२०९२
प्रदेश सरकार
Email:sdomyagdi @gmail.com

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## सामाजिक विकास कार्यालय

प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय सामाजिक विकास कार्यालय, म्याग्दी गण्डकी प्रदेश, नेपाल

प.सं. २०७९/०८०
सु.नं. १०
मिति :२०७९/११/३०

विषय:- लागू पदार्थ दुर्व्यसन विरुद्धको सचेतनामूलक भिडियो सामग्री निर्माण सम्वन्धमा ।

उपरोक्त विषयमा लागू पदार्थ दुर्व्यसनले सामाजिक विकासमा अवरोध खडा गर्नुका साथै यसको सेवन तथा प्रयोगबाट निस्कने परिणाम निकै डरलाग्दो रहने गरेको विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएको अवस्था छ । यो समस्या कुनै स्थान, मुलुक वा क्षेत्र विशेषको समस्या नभई विश्व मानव समुदायकै सामुहिक समस्याका रुपमा प्रकट हुँदै आएको छ ।यसै सन्दर्भमा **लागू पदार्थ दुर्व्यसन विरुद्धको सचेतनामूलक भिडियो सामाग्री निर्माण** सम्वन्धी प्रतियोगिता सञ्चालन गर्न लागेकाले उक्त प्रतियोगितामा सहभागी हुन इच्छुक जुनसुकै नेपाली नागरिकले मिति २०७९ चैत्र २५ गते भित्र इमेल ठेगाना- sdomyagdi.programme@gmail.com मा सो सम्वन्धी भिडियो बनाई पठाउन हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सर्तहरु

1. भिडियो लागू पदार्थ दुर्व्यसन न्यूनिकरण गर्ने र लागू पदार्थ दुर्व्यसन विरुद्ध सामाजिक तथा कानुनी सचेतना अभिवृद्धि गर्ने प्रकृतिको हुनुपर्ने,
2. भिडियो मौलिक अडियो र अभिनय भएको हुनुको अतिरिक्त संवादमूलक एवं सन्देशमूलक समेत हुनुपर्ने,
3. भिडियो युवामा सकारात्मक सोचको निर्माण गराउने तथा लागू पदार्थ दुर्व्यसन विरुद्धको अभियानमा लाग्न उत्प्रेरित गर्ने र लागू पदार्थ दुर्व्यसनमा संलग्नलाई हुन सक्ने दण्ड सजाय समेतका विषयवस्तु संलग्न हुनुपर्ने,
4. भिडियो सामाग्री बढीमा ३ मिनेटसम्मको हुनुपर्नेछ ।कुनै एक व्यक्तिले एक वटा मात्र भिडियो पठाउन पाउने,
5. सहभागीहरुले आफ्नो भिडियो सामाग्री आफूले प्रयोग गर्दै आएको सामाजिक सञ्जालको माध्यममार्फत प्रचार प्रसार गर्नुपर्ने,
6. प्रतियोगितामा समावेश भएका भिडियो सामाग्रीरुमा कार्यालयको अधिकार रहने र सो भिडियो सन्देशलाई कार्यालयले सामाजिक सञ्जाल लगायत डिजिटल माध्यमबाट प्रचारप्रसार र प्रसारणको निम्ति उपयोग गर्न सक्ने,
7. तोकिएका सर्तहरु पालना नभएका र म्याद नाघी प्राप्त हुने भिडियोलाई स्वीकार नगरिने,
8. उत्कृष्ट भिडियोको छनौट सामाजिक विकास कार्यालयबाट गठित मूल्यांकन समिति मार्फत गरिने,
9. प्रथम, द्धितीय र तृतीय हुने सहभागीहरुलाई क्रमश: रु ५ हजार, ३ हजार र १ हजारका दरले पुरस्कृत गरिनेछ ।

२०७९/११/३०
रमेश थापा
कार्यालय प्रमुख